# लेखापरीक्षण प्रतिवेदन

## हरिनास गाउँपालिका, स्याङ्जा

### आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## हरिनास गाउँपालिका, स्याङ्जा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/512

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
हरिनाश गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
स्याङ्जा।

**कैफियतसहितको राय**

हामीले हरिनाश गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

हामीले पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१ पालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोषव्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति रभुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.११ करोड ८२ लाख ६ हजार,एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रु.११ लाख ४० हजार, र अन्य कार्यक्रमको रु.५ लाख समेत रु.११ करोड ९८ लाख ४६ हजार समावेश गरेको छैन।

२ पालिकाको रु १ अर्ब ३ करोड ८५ लाख ९८ हजारको लेखापरीक्षण गरिएकोमा रू ५ करोड ४ लाख ५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु २२ लाख ९४ हजार प्रतिकृयाबाट कारवाई भई बाँकी बेरुजु रु ४ करोड ८१ लाख मध्ये असुल गर्नुपर्ने रू ४ लाख २६ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू ९२ लाख ४२ हजार, नियमित गर्नुपर्ने रु.३ करोड २० लाख ८३ हजार र पेस्की बाँकी रु.६३ लाख ५९ हजार रहेको छ।. गत वर्षसम्म रु.९ करोड २४ लाख १५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१४ करोड ०५ लाख २६ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३ पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले

अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

४ यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ। कार्यपालिका, पालिको अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५७ | ९७ | ५०४०५६१४ | ० | २९ | २२९४००० | ० | ५७ | ६८ | ४८१११६१४ | ४२६४२० | ३२०८३२२३ | ९२४२४९४ | ० | ० | ४१३२५७१७ | ६३५९४७७ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| स्याङ्जा | ९२४१५००० | ० | ० | ९२४१५००० | ० | ४८१११६१४ | १४०५२६६१४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको शिर्षक | बेरुजुको दफा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | इन्टरनेट जडान अनुदान | ४५ | ३१२०००.० |
| २ | २०८०/८१ | पेश्की बाकी | ३६ | १९८२०००.० |

# (८०४४३५०६३०० - हरिनास गाउँपालिका, स्याङ्जा )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा७ वडारहेको छ भने क्षेत्रफल ८७.४८ वर्ग किलोमिटर तथा १३१९१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।१७ देखि २०८१ ।५।२१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च)लेखापरीक्षणको क्रममा असुली -**लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु.३२४००असुली भई सञ्चित कोष दाखिला भएको छ ।

| कार्यक्रम/ब.उ.शी.नं. | वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|---|
| गा पा चालु | भ्रमण खर्च | ३२४०० | २०८१।५।१८ | कुमारी बैंक |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११८२०६०७६, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ११४००००, र अन्य रु. ५००००० समेत गरी रु ११९८४६०७६ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको भुक्तानी रु.२७१२८०फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | | | **५५८६७५२१।७१** | |
| एकीकृत आर्थिक विवरणअनुसार | | | ५५५९६२४१।७१ | |
| फरक | | | २७१२८० | |

५ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· पालिकाले पालिकाका कर्मचारीहरुलाई रु १ करोड ३ लाख ९६ हजार र स्वास्थ्य तर्फका कर्मचारीहरु रु १ करोड ३० लाख १ हजार तलवि प्रतिवेदन पारित नगरी भुक्तानी भएको छ।

· पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

· पालिकाले उद्वेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

· निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा आशिंक रुपमा गरेको पाईयो ।

· ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

· पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

· भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१५ लाख ४० हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध तथा खाजा खाना तर्फ पालिकाले रू. ८ लाख खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

· पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

· पालिका भित्रका विद्यालयहरुको अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

· संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

· संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेकोछैन।

· सवारी साधनको मर्मत अभिलेख राख्नुपर्नेमा अभिलेख राखेको देखिएन

· सवारी साधनको इन्धन प्रयोगको सवारी लगबुक राख्नुपर्नेमा राखेको देखिएन

· पालिका वडाहरुको वडा अध्यक्षलाई प्रदान गरेको जिम्मेवारी कार्यवाहकलाई दिएकोमा नियम सम्बत देखिएन।

· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची १४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो अनुसारको मध्यकालीन खर्च संरचना तयार नगरेको ।

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता भ्रमण भत्ता तालिम गोष्ठी तर्फ वढि केन्द्रित भई वितरण मुखि रहेको पाईयो ।

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालयहरु र विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।

· कुनै रकम भुक्तानी दिदाँ आर्थिक कार्यविधि नियमावली २०७७ अनुसार भुक्तानीको सिलसिलेबार नम्बर राखि भुक्तानी जनाउने छाँप लगाई भुक्तानी दिनुपर्नेमा सो अनुसार भुक्तानी दिएको पाईएन।

· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

### ६ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

### ७ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा नेपाल सरकार र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ .

**रु हजारमा**

| **सम्पत्ति** | **प्राप्त मिति** | **संख्या** | **खरिद/प्राप्ति मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | जग्गाको क्षेत्रफल ९२.२.०१ | | प्राप्ति मिती मुल्य र संख्याको विवरण पेश नभएको |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | | ३९ | ३०००००००० | प्राप्ति मिती को विवरण पेश नभएको |
| उपकरण (रु.१ लाखभन्दा बढी) | | | | नभएको |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | ४ | | अन्य विवरण पेश नभएको |
| अतिक्रमणमा परेको जग्गा | | | | नभएको |
| अतिक्रमण हटाउन गरेको प्रयास | | | | नभएको |

८ **सवारी साधन खरिद** (२४७/२०८१-३-२४):

सवारी तथा यातायात व्यवस्था नियमावली,२०५४ को नियम ४ म भएको व्यवस्था अनुसार सवारी दर्ता गराउनु पर्ने र यातायात व्यवस्था कार्यालयबाट उपलव्ध गराएएको नम्बर प्लेटबाट सवारी साधानमा स्पष्ट देखिने गरि राख्नु पर्ने व्यवस्था रहेको छ । भौ नं २४७।२०८१।३।२४ रु. १,२८,५०,००० मा श्री ग्लोबल अटो लेण्ड प्रा.लि. बाट हाइलक्स टोयटा खरीद गरेको देखिन्छ ।पालिकाले मिति २०८१।११।६ को गाँउ सभाको वैठको निर्णयबाट १,२८,५०,००० को सवारीसाधन आन्तरिक श्रोत र अल्या भएको रकमबाट खरिद गर्ने निर्णय भएकोमा पालिकाको आन्तरिक श्रोत रु.२७,६८,०७३ मात्र रहेको छ । कार्यालयको आवश्यकता तथा आन्तरिक आम्दानीको विश्लेषण गरेर मात्र सवारी साधन खरिद गर्नु पर्दछ । वित्तिय सामान्यीकरण तथा आन्तरिक आयको विश्लेषण नै नगरी सवारी साधन खरिद गरेको पाइयो । विकास निर्माणमा गरिनु पर्ने खर्च सवारी साधन खर्च भएको देखिन्छ ।

९ **भु-बर्गीकरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम विल भरपाई बेगर सरकारी रकम खर्च गर्न नहुने साथै गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।पालिका अन्तर्गत जग्गा वर्गिकरण व्यवस्थापन विर्ता,वगर ब्रिड समेत वर्गीकरण गर्न पलिकाले यसको Cripty Innovation Technolog Pvt. Ltd सगँ भौ नं २५२। २०७९।१२।०८ मा सम्झौता गरेको पाइयो रु. १७,८९,९२० गरी प्रतिवेदन पेश गरेको पाइयो को सम्झौता गरेको पाइयो जग्गा वर्गिकरणको लागि जिल्ला स्थित नापी र मालपोत कार्य सगँ कुनै काम भएको पाइएन उक्त कम्पनी सगँ तुरुन्त समन्वय गरि काम लिनु पर्ने नक्सा तयार गरि प्रस्तुती करण तालिम गर्नु पर्ने भनिएकोमा कुनै तालिम संचालन गरेको पाइएन यस खालका प्रतिवेदन तुरुन्त लिइ कार्यान्वयनमा लानु पर्ने छ ढिलो सम्पन्न गरेको कामको नियमानुसार हर्जाना समेत लगाउनु प्रतिवेदन पेश हुनु पर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,८९,९२० |

१० **भु उपयोग**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २७ बमोजिम स्थानीय तहले भु जोखिम संवेदनशिलता आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नु पर्ने र त्यस्तो मापदण्डको अधिनमा रहि तोकिएको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृती दिन सक्ने व्यवस्था छ । यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाइ लागु गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति समान ढाँचामा नमुना र नक्सा तयार गर्न सेवाग्राहीको लागि आफ्ना प्रविधिक कर्मचारीबाट नक्सा तयार गराइ निशुल्क उपलव्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयनमा भएको देखिएन । जग्गाको उपयोगिता सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृति बमोजिम नक्सा तयार तथा स्वीकृतको व्यवस्था अपनाउनु पर्दछ ।

११ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु. २०३१५४८ तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु. ४,४०,४७८ गरी रु. २४,७२,०२६ अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१२ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट १० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ३८ वटा नियमावली तथा कार्यविधि निती २ निर्देशिका २ गरी ५३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

१३ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो वर्ष थप भएको १२ गरी कुल १७ विवाद दर्ता भएकोमा १० वटा मात्र फर्स्यौट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१४ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा ६ योजना सञ्चालन गरी यस वर्ष ६२ जनालाई औसत ८९ दिनले ५५१८ दिन रोजगारी उपलव्ध गराई रु.३६,५६,९५२ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

१६ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा

संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, सहित पदहरु १५ रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

१७ **कर्मचारी व्यवस्था**

यस प्रयोजनमा लागु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. १३,१३,१७८ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रुनहुने

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| ल्याब असिस्टेन्ट | ३ | १३,१३,१७८ |

| | |
|---|---|
| अनियमित भएको | १३,१३,१७८ |

१८ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु. २९६००० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

१९ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ९ वटा माध्यामिक विधालय | १३० | ९१ | ३९ | १८०१ |
| २ | २२ आधारभुत विधालय | ७१ | ५७ | १४ | ६५३ |

शिक्षक दरबन्दी दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

२० **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२१ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको

विवरणअनुसार पालिका भित्र २० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२२ **घटी कर कट्टी**

आयकर ऐन,२०५८ को दफा ८८ अनुसार प्रत्येक आयमा सामाजिक सुरक्षा कर बापत १ प्रतिशत कर कट्टी गर्नु पर्ने व्यवस्था रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न ६ वटा आयोजनाहरुमा ६२ जना लाभग्राहीलाइ तोकिएको दरमा नियमावली अनुसार काममा लागाइएको पाइयो यसरी गरिएको भुक्तानीमा गरिएको भौ . नं १७८।२०८१।३।२४ कर कट्टी गर्न छुट भएकोकर असुली गरी बेरुजु खातामा दाखिला हुनु पर्ने रु

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| २२.१ | विभिन्न | ३६,१९६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,१९६ |

२३ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १४०५7५ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

यस परीक्षण सूचिमा समावेश भएका विषयसङ्ग सम्बन्धित परस्पर जोडिएका वा अन्य प्रकारका विषय भएमा त्यस्ता विषयको यथेष्ठ लेखापरीक्षण प्रमाण सम्लग्न गरी परीक्षण र विश्लेषण गर्ने [तर नयाँ विषयको परीक्षण गर्नु नपर्ने, परीक्षण गर्नैपर्ने अवस्था देखिएमा लेखापरीक्षण योजना संशोधनको प्रकृया अपनाएर नयाँ जोखिम क्षेत्र र नयाँ परीक्षणसूचि समावेश गरी सोही क्षेत्र र सूचिमा समावेश भए बमोजिम गर्ने]

२५ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

२६ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था

भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

२७ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

२८ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०८०।३।५ मा रु. ४४ करोड ६८ लाख ५६ हजारको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८०।३।५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।११ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

२९ **योजना प्राथमिकीकरण**

. स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ७७ वडाको लागि वडागत र पालिकास्तरका कुल ३४ योजनामा वजेट विनियोजन गरेको छ।

| . क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ३४ | २ | ३१ | १ |
| २ | वडास्तरीय | ७७ | ० | ० | ७७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १०२ योजनामात्र कार्यान्वयन भई ९ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ

३० **लक्ष्य प्रगति**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **कार्यक्रम संख्या** | १११ | ९ | ० | ५ | ० |

३१ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ८८५०००० | ५९८८६७३ | ६७।६७ |
| २ | पूर्वाधार विकास | ११४६४१००० | ९०९४२२४१ | ७९।३३ |
| ३ | सामाजिक विकास | २३५७७४००० | १७८८०८७५९ | ७५।८४ |
| ४ | बातावरण तथा विकास | - | - | - |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ८००००० | ५६१६२० | ७०।२ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ८६७९१३०० | ६५४८८५७२ | ७५।४५ |
| **जम्मा** | | **४४६८५६३००** | **३४१७८९८६६** | ७६।४९ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकास मा सबैभन्दा बढी ७९।३३ प्रतिशत र आर्थिक विकास मा सबै भन्दा घटीमा ६७।६७ प्रतिशत रहेको

३२ **वार्षिक खरिद योजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ११५२८६४६२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३३ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ७०२९४५४७।८६राजस्व बाँडफाँड र अनुदानबाट रु २८९२८९४०६ समेत रु ३५९५८४९५३।८६आम्दानी भएकोमा चालु तर्फ रु २२६६९९४५४।४२ र पूँजिगत तर्फ रु – ११५२८६४६२।३०समेत रु ३४१९८५९१६।७२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ९२५८९१५ खर्च भएको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७८।३६ प्रतिशत चालु र ३९।८५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३४ **चौमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक

पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ११५२८६४६२ | ९७६३३४२ | १९३२१३३३ | ४७१०६०२३ | | ३९०९५७६४ |
| प्रतिशत | १०० | ८.४७ | १६.७६ | ४०.८६ | | ३३.९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ११५२८६४६२ निकासा भएकोमा प्रथम चौमासिकमा रु. ९७६३३४२(८.४७ प्रतिशत), दोस्रो चौमासिकमा रु १९३२१३३३(१६.७६ प्रतिशत) र तेस्रो चौमासिकमा रु. ४७१०६०२३(४०.८६प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ३९०९५७६४(३३.९.प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

### ३५ बजेट अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. ७६११००० अबण्डा बजेट व्यवस्था गरी जनता संग अध्यक्ष कार्यक्रम अन्तर्गत ४१ योजनामा रु. ७६११००० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन

| क्र सं | कार्यक्रमको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | जनतासंग अध्यक्ष कार्यक्रम | ७६११००० |

### ३६ पेश्की बाकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु८६२१३८१ बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ६३५९४७७ फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु

| (बेरूजु दफा ३६ सँग सम्बन्धित अनुसूची।) | | | | | |
|---|---|---|---|---|---|
| प्रकार | खर्च उपशिर्षक | गो भौ।मिती | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति वा संस्था | पेश्की रकम |
| | ३११५९ | १२।२०८०४।१ | समपुरक कोष | श्री चम्पेश्वर । सिम्रन । युरेका जे.भी. | ८,०८,००० |
| निर्माण व्यवसायि | ३११५१ | १२४। २०८०४।१ | दग्दी-कुलुङ्खोला-दोभान-बडहरभञ्ज्याङ्ग-किहुँग्रामिण सडक | बि.एण्डबि. कन्स्ट्रकसन प्रा.लि. | २९,६०,४७७ |
| | ३११५६ | १२।२०८०।४।१ | खानेपानी तथा सरसफाईकार्यक्रम | कुसुन्डेलिफ्टिङ खा पा तथा सरसफाइ उ भो स | १,१६,००० |
| | ३११५९ | १२।२०८०।८।२२ | जनता संग अध्यक्ष कार्यक्रम | LEKH MOTAR BATO | १,६५,००० |
| | ३११५१ | १२।२०८०।११।२९ | ढुङ्गेठाटी चुलिडाँडा ढलान -४ | ढुङ्गेठाटीचुलिडाँडा ढलान उपभोक्ता समिति | ८,२५,००० |
| | ३११५१ | १२।२०८०।१२।१९ | जामुने गान्टे मोटर वाटो २-५ | JAMUNE GANTE MOTAR BATO | ८,२५,००० |
| | ३११५१ | १२।२०८०।१२।२२ | दग्दी बैदिछाप दोभान ६-७ | DAGDI BAIDICHHAP DOVAN MOTAR BATO | ३,३०,००० |
| उपभोक्ता समिति | ३११५१ | १२।२०८०।१२।२३ | धरमपानी वगर मोटर बाटो -४ | DHARAMPANI BAGAR MOTAR BATO UPABHOKTA SAMITI | ३,३०,००० |
| जम्मा | | | | | ६३५९४७७ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **९२६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **५६१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **४९५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ३६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | ६३,५९,४७७ |

३७ **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष गो भौ १४०।२०८१।२।३० बाट भैरवथान गोरेटो बाटो कार्यक्रममा भैरब थान गोरेटो बाटो लाई रु. १,६५,००० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको

अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

३८ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ३५००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०८०।८१ मा रु. २७६८०६३ अर्थात अनुमान भन्दा २१ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३९ **आन्तरिक आय**

३९.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३४१७८९८६७ | २७६८०६३ | ०.८० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३९.२ स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५,५७,५८ र ५९ कर शुल्क उठाउन सक्ने व्यवस्था छ । आन्तरिकण आयका सम्बन्धमा पालिकाले अध्ययन गरेको देखिएन। अतः पालिकाले आन्तरिक स्रोतको आकलन बस्तुनिष्ठ ढंगले गर्नु पर्दछ । २०८०।११। २५ गाँउपालिकाको उपध्यक्षको अध्यक्षतामा बसेको बैठकले ३५ लाख अनुमान गरेकोमा २०८०।८१ मा २७,६८०७३ असुल भएको छ ।लक्ष्यको तुलनामा रु.७३१९२७ कम भएको छ । सम्पतीकरको अनुमान १००००० भएकोमा उक्त रकम संकलन हुन नसकेको अन्य दस्तुर रु. १८५०००० संकलन गर्ने लक्ष्य रहेकोमा रु.३३००६७ संकलन भएको देखिन्छ । राजश्व बाडफाड संघीय रु.६१९७६२५४।१९ मालपोत कार्यालयबाट प्राप्त रु.२२४१४१।४७ र राजश्व बाडफाड प्रदेश रु.५३२६०७९ समेत कुल आन्तरिक आय रु.७०२९४५४७।८६ भएकोमा चालु खर्च रु.२२६६९९४५४।४५ र पुँजीगत खर्च रु.११५२८६४६२।३० समेत रु.३४१९८५९१६।७५ खर्च भएको देखिन्छ । अतः आन्तरिक श्रोत परिचालन तर्फ ध्यान दिनु पर्दछ ।

४० **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १००००० | ० | ० |
| घरजग्गा वहाल कर | ५०००० | १०८७७० | २17.५४ |
| व्यवसाय कर | ५०००० | १४०५७५ | २81.१५ |
| वहाल विरौटी शुल्क | - | - | - |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

४१ **छुट तलब**

पालिका अन्तर्गत का २ वटा विद्यालयमा आ.वि. र बालविकास कर्मचारीको २०८० बैशाख देखि २०८० आषाढ सम्मको तलब, भत्ता वापत कुमारी बैकं लिमिटेड हरिनास शाखामा रु १२२७४०५२ निकासा उपलब्ध गराएकोमा देहायका विद्यालयलाई र स्वास्थ्य कर्मचारीलाई छुट वापत भनि निम्नानुसार निकासा दिएकोमा छुट भएको देखिने प्रमाण साथै बिधालयको छुट माग फारम पेश गर्नुपर्ने अन्यथा निकासा फिर्ता गर्नुपर्ने

| गो भौ।मिती | बिधालय तथा कर्मचारीको नाम | विवरण | रकम | कैफीयत |
|---|---|---|---|---|
| १२०। २०८१।३। ६ | श्री वाल सुर्योदय आधारभुत विधालय | २०८० माघ फागुन र चैत्र को आधारभुत तहका शिक्षक र विक का स र सका को तलब भुक्तानी | ४४१०५९ | शिक्षक र कर्मचारीलाई भुक्तानी भएको प्रमाण नभएकोलेनामनामेसी नखुलेको |
| | श्री चन्द्रज्योती आधारभुतविधालय | | ३९९३६० | |
| ७४। २०८०। १२।१ | श्री प्रतिक्षा पराजुली | २०८० माघको तलब भुक्तानी | ३४७३० | स्वास्थ्य तर्फको सहायक पाचौ कर्मचारी |
| जम्मा | | | ८७५१४९ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,७५,१४९ |

४२ **विज्ञान प्रयोगशाला**

कार्यक्रम कार्यन्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१३ बमोजिम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत देहायबमोजिम का विधालयहरुलाई अनुदान प्रदान गरेको छ। यसरी अनुदान प्रदान गर्दा गत आर्थिक वर्ष मा प्राप्त गरे नगरेको एकिन गर्न नसकिएको साथै प्राविधिक पुष्टाई सहितको अनुगमन प्रतिवेदन पेश नभएको हुनाले सम्बन्धित विधालयहरुमा गत आर्थिक वर्षमा नगएको भनि निर्णय गरेको प्रमाण र प्राविधिकले पुष्टाई सहितको बिल भरपाई पेश गर्नुपर्ने रु

| गो भौ।मिती | विधालयको नाम | विवरण | अनुदान रकम |
|---|---|---|---|
| १५०।२०८१।३।१७ | श्री जनकल्याण माध्यामिक विधालय | विज्ञान प्रयोगशाला | ६५०००० |
| १६०।२०८१।३।२१ | श्री मातृभुमि माध्यमिक विधालय | पुस्तकालय तथा ICT LAB | ६५०००० |
| जम्मा | | | १३००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,००,००० |

४३ **पाठ्यपुस्तक**

कार्यक्रम कार्यन्वयन पुस्तिकाको क्रियाकलाप नं २.४.६.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत संचालित सामूदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थिहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तको सङख्या यकिन गर्ने व्यवस्था छ ।यसरी अनुदान दिदाँ पहिलो पटको विधार्थिको ७५ प्रतिशत संख्या लाई मात्र अनुदान दिनु पर्ने व्यवस्था छ ।पालिकाले गो भौ ३९।२०८०।८। २४ बाट कक्षा ११ र १२ का विधार्थिका लागि रु ८६९६२ , गो भौ ९७।२०८१।२।२३ बाट १ देखि १० सम्मका विधार्थिका लागि ७५ प्रतिशत ले रु ११३०९२१ र गो भौ १२१।२०८१।३।६ बाट नपुग रकम रु २६९६१४ गरी जम्मा रु १४८७४९७ पालिकाका

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ४५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४६ **प्रति विधार्थि अनुदान** (७७-२०८०-१२-४):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.५० मा प्रति विधार्थि लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थाका लागि विधालयलाई अनुदान दिने व्यवस्था रहेको छ। यसरी अनुदानमा प्रति विधार्थि का आधारमा पुस्तिकामा उल्लेखित दर अनुरुप दिनुपर्ने व्यवस्था छ र शिक्षण सिकाई सामाग्री तथा ल्याब सहयोग उपकरण तथा सामाग्री प्रति विधार्थि का लागि रु १५ हजार का दरले दिने रहेकोमा पालिका ले एकमुष्ट रुपमा श्री महिमा माध्यामिक विधालयलाई रु ७०३००० अनुदान दिएको छ। पालिकाले अनुदानको प्रगति प्रतिवेदन विधालय मापदण्ड बमोजिम संचालन भए नभएको अनुगमन गरेको प्रमाणित कागजात र OJT गर्ने विधार्थि संख्याको विवरण पेश नगरेको हुदा प्रमाण कागजात पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,०३,००० |

४७ **सेनिटरी प्याड**

४७.१ स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ४९३ जना रहेका छन। पालिकाले चिराग फार्मेसि प्रा लि बाट. ५२०० थान स्यानिटरी प्याड रु.६२० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

४७.२ (१३२-२०८१-३-११):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विधालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थाका लागि विधालयलाई हस्तान्नतरण गर्नुपर्ने र यसरी नियमानुसार सेनिटरी प्याड खरिद गरी बचत भएको रकम बाट बिधालयमा fDisposal Machine नभएमा एक पटकको लागि मात्र खरिद गरी वितरण गर्न सक्ने व्यवस्था छ। पालिकाले यस शिर्षक बाट जम्मा ६२०० थान सेनिटरी प्याड खरिद गरेको छ भने मिती २०८१।२।३२ गते गीताश्विनि प्रोभेड प्रा लि बाट १२ थान ) Vending machine खरिद गरि रु ६६००००(मु अ कर सहित) खर्च लेखेको छ । संघिय शशर्त बाट यसरी शर्त मा उल्लेख नभई नियम विपरित Vending machine मेसिन खरिद गरी विधालयहरुलाई पनि वितरण गरेको र विधालयले आम्दानी बाधेको नदेखिएकोले नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ६,६०,००० |

## ४८ पोषण सम्बन्धि कार्यक्रम

४८.१ पोषणमैत्री स्थानिय तह कार्यान्वयन निर्देशिका २०७८ को परिच्छेद ६ मा गाउँपालिका तथा नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन र समितिको काम कर्तव्य र अधिकार निर्दिष्ट गरेको छ। यस पालिकामा पोषण सम्बन्धि कार्यक्रम शिर्षकमा रु ९०००००० विनियोजन भएको मा जम्मा रु ४७५५६६६ खर्च गरेको देखिन्छ। समितिले देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्न उल्लेखित रकम खर्च गरेको पाईयो।

| गोभौ।मिती | विवरण | खर्च रकम |
|---|---|---|
| ८१।२०८०।१२।५ | स्वास्थ्य संस्थाहरुको लागि विधुतिय सामाग्री खरिद | ९८४२३० |
| १०५।२०८१।२।३० | बैठक भत्ता | ९२२०० |
| ११६।२०८१।३।३ | पोषण कर्मचारी को तलब | ४२२२४ |
| १२७।२०८१।३।११ | फर्निचर खरिद | १६३४१३ |
| १२८।२०८१।३।११ | फिल्टर खरिद | ८७५००० |
| १३३।२०८१।३।१२ | कार्यक्रम संचालन खर्च | १४२८०० |
| १३६।२०८१।३।१३ | पोषिलो खाना प्रदर्शनि कार्यक्रम | ९७४९० |
| १३७।२०८१।३।१३ | आइरन फोलिक एसिड अभिमुखिकरण कार्यक्रमको खर्च | ४४६५० |
| १४३।२०८१।३।१६ | MUAC CAMPAINGN कार्यक्रमको भुक्तानी | ७०४०० |
| १४८।२०८१।३।१७ | कर्मचारी तलब | ४३६८९ |
| १७५।२०८१।३।२४ | सवारी साधन खरिद | ७८१५०० |
| १७६।२०८१।३।२४ | बैठक खर्च | १५१३०० |
| १८३।२०८१।३।२४ | बाख्रा खरिद | १२६६७७० |
| | जम्मा | ४७५५६६६ |

पालिकास्तरीय पोषण कार्यक्रम को खर्च विवरण विश्लेषण गर्दा आर्थिक वर्षको अन्त्यमा मात्र खर्च भएको देखिन्छ। यस्तो खर्चले यस गाउँपालिकामा पोषण घोषणा र प्रभावकारी रुपमा खर्च भएको हुदैन र बजेट फ्रीज जान नदिन यसरी आर्थिक वर्षको अन्त्यमा आएर खर्च नगरी आर्थिक वर्षको शुरुवात देखि नै पोषण सम्बन्धित कार्यक्रम संचालन गर्नुपर्दछ। यस कार्यक्रम अन्तर्गत लेखापरीक्षण गर्दाको क्रममा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

४८.२ (१७५-२०८१-३-२४):

पोषण सम्बन्धि कार्यक्रमले पालिकालाई पोषण मैत्री बनाउने उद्देश्य बमोजिक शशर्त अनुदानको कार्यक्रम अनुसार खर्च गर्नुपर्दछ । पालिकाले यस कार्यक्रम अन्तर्गत देहाय बमोजिम अटो ट्रेडहरु बाट मोटर साइकल खरिद गरेको छ। मोटर साईकलहरुको दाखिला पनि भएको छैन र पोषण सम्बन्धित क्रियाकलापमा खर्च नगरी आर्थिक वर्षको अन्त्यमा सवारी साधन खरिद गरेको नियमसम्मत नदेखिएको रु

| भुक्तानीपाउने | विवरण | खरिद मिती | भुक्तानी रकम(मु अ कर समेत) |
|---|---|---|---|
| सुभेच्छा अटो ट्रेड | १ वटा पल्सर १५० TD | २०८१।३।२३ | ३२३५०० |
| दिपशिखा अटो ट्रेड | १ वटा X PLUSE 200 4V and helmet | | ४८५००० |
| जम्मा | | | ८०८५०० |

| | |
|---|---|
| अनियमित भएको | ८,०८,५०० |

### ४९ औषधि खरिद

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा...महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले शशर्त बजेट उप शिर्षकबाट चिराग फार्मेसि प्रा लि फर्मसँग ठेक्का मार्फत रु ८२१९४० को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

### ५० न्यानो झोला कार्यक्रम

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका २ बर्थिङ सेन्टरमा यस वर्ष ५० थान का दरले को रु. २५० खरिद गरेकोमा गत वर्ष ३४ जना र यस वर्ष १२ जना गरी ४६ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

### ५१ ठेक्का व्यवस्थापन

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ९ मा खुल्ला रुपमा बोलपत्र आव्हान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले कबोलपत्रको सुचना प्रकाशित गरी स्वीकृति भएको ठेक्कामा बोलपत्रदाताले लागत अनुमानको तुलनामा १४ प्रतिशत देखि ३५ प्रतिशत सम्म घटीमा काम गर्ने गरी ठेक्का कबुल गरेको देखिन्छ ।उदाहरणका लागि केही ठेक्का विवरणबाट देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा धेरै प्रतिशत घटीमा काम गर्ने गरी गराएको कार्यमा सामग्रीको निर्धारित गुणस्तर र परिणाम कार्य भएको सम्बन्धमा यकिन हुने देखिएन ।पालिकामा उपभोक्ता समिति दरभाउ तथा बोलपत्रको माध्यमबाट समेत धेरै संख्यामा निर्माण कार्य हुने र अनुगमन निरिक्षण र गुणस्तर निर्धारण गर्न प्राविधिकको संख्या सिमित भएको देखिन्छ । यसबाट निर्माण कार्य निर्धारित गुणस्तर र परिणाममा भएको यकिन गर्न सक्ने देखिएन यस्तो व्यवहारमा सुधार गर्ने गरी ठेक्का व्यवस्थापन गर्नु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

### ५२ अस्पताल भवन निर्माणको भेरियशन

५२.१ सार्वजनिक खरिद ऐन २०६३ दफा ५४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा भेरिएसन सम्बन्धी व्यवस्था अनुसार खरिद सम्झौता गर्दाको बखत पुर्वानुमान गर्न नसकिएको परिस्थितिमा सो सम्झौता कार्यान्वयनका क्रममा सिर्जना भइ ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नु पर्ने व्यवस्था छ । मग्याम चिसापानी १५ शैयाको आधारभुत अस्पताल ठेक्का नं २।२०७७।७८ शुभ कन्ष्ट्रक्सन प्रालि नयाँबजार १७ संग २०७८।७।२८ मा दुई वर्ष भित्र कार्य सम्पन्न गर्ने गरी रु. १२,९२,८६,३९६ मा सम्झौता भएको छ । सम्झौताको BOQ मा निर्माण कार्यको जमिन सम्याउने कार्य (माटो एक्सेसन ) ३० हजार घन मिटर राखिएकोमा निर्माण स्थलमा फिल्ड अनुसार एकलाख घनमिटर भएकोमा फिल्ड अनुसार एक्जाभेसन गर्नु पर्ने देखिएको भनि पालिका सगँ आवश्यक निर्णय माग गर्दा थप कामको आवश्यक निर्णय छिट्टै दिने तर अहिले काम शुरु गर्दै जानु भन्ने जानकरी

दिएको सोही अनुसार BOQ मा उल्लेखित लगभग काम गर्दा पालिकाको निर्णय नआएको माटो एक्सा भेसन गर्दा Slope Scabilization नगरी नहुने र साइडमा रहेको पनि बग्ने खोल्सो भएकोले व्यवस्थापन नगरी काम गर्न सक्ने अवस्था नदेखिएको सो बारे आवश्यक निर्णय पनि नआएको विभिन्न प्रमुख समस्याहरु देखिदा धेरै नै आर्थिक भार थपिने र निर्माण स्थलको छनौट नै गलत भएकोले समस्याको बारेमा पालिकालाई आवश्यक निर्णय दिनुस भन्दा भवनको निर्मामणको सम्झौता सकिदा समेत आवश्यक निर्णय नभएकोले आवश्यक निर्णय गरी जानकारी दिनुस भनि अनुरोध भएको देखिन्छ । निर्माण व्यवसायीले कति कार्य गरेको मुल्याङ्कन भएको देखिदैन। पालिकाको २०८१।२।२१ को निर्णय अनुसार ९७८३६ घनमिटर माटो एक्साभेसन गर्नुपर्नेमा निर्माण व्यवसायी संग ६३५७० घनमिटर माटो एक्साभेसन गर्ने गरी NEGOTIATION भई दर रेट निर्धारण गरी रु.२,२४,४१,४६५ भरियसन आदेश स्वीकृत भएको छ ।

५२.२ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ को उपदफा २(१) को खण्ड (ङ) बमोजिम भेरिएसन आदेश जारी गर्नुपर्दा ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड(१) बमोजिम सार्वजनिक निकायको हकमा सम्बन्धित मन्त्रालयले विशेषज्ञहरुको समुह गठन गरी सो समुह मार्फत आवश्यक जाँच बुझ गराइ प्राप्त सिफारिसको आधारमा मात्र भेरिएसन आदेश जारी गर्न सक्नेमा पालिकाले ऐन अनुसारको विशेषज्ञहरुको समुह गठन नगरि भेरिएसन जारी गरेको देखिएको हुँदा नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,२४,४१,४६५ |

५२.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद संम्झौता आवधि थप गर्न सकिने व्यवस्था छ । निर्माण व्यवसायीले कार्यतालिका पेश नगरी गाँउ कार्यपालिकाको मिति २०८०।२।६ सम्मको निर्णय अनुसार २०८११।३० देखि २०८१।७।३० सम्म म्याद थप गरिएकोमा २०८१।५।१९ जमिन सम्याउने कार्य भएको र कार्यको मुल्याङ्कन भएको छैन । निर्णाण व्यवसायीलाई मिति २०७९।१।२६ मा रु.१,१४,००,००० र २०८१।२।४ मा रु.१,१४,००,००० समेत रु. २,२८,००,००० पेश्की उपलव्ध गराएकोमा हाल सम्म कार्य न्युन मात्र भएकोले समयमा कार्य सम्पन्न हुन कठिन देखिन्छ ।

५२.४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियममावली,२०७७ नियम ४७ को ४(२) अनुसार पेश्की रु.२,२८,००,००० फछ्यौट हुनु पर्दछ ।

## ५३ पुर्वनिर्धारित क्षतिपुर्ति

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाइ सम्झौता रकमको दश प्रतिशतमा नबढने गरी साधरणतया प्रति दिन सम्झौता रकमको शुन्य दशमलब शुन्ना पाँच प्रतिश पुर्व निर्धारित क्षतिपुर्ति दिनु पर्ने व्यवस्था छ । कार्यालयको गौ भौ नं १७८।२०८१।३।२१ ठेक्का नम्बर IFBNHRNS-NCB-RR-01-078-79 पिचको कार्य पराजुली कन्ट्रक्सन प्राली विच सम्झौता भइ म्याद समाप्त भएको मिति २०८१।५।१५ म्याद थप गरेको पाइएन । सम्झौता रकमको रु.२९१७४९३६ प्रतिदिन हनु आउने रकम रु.१४५८७ लेखापरीक्षण अवधि सम्म ३ दिनको म्याद थप नभएकाले हर्जना बापत असुल हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,७६३ |

## ५४ खानेपानी निर्माण कार्यको भेरिएशन

५४.१ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली २०६४ नियम ११८ अनुसार भेरिएशन सम्बन्धी व्यवस्था अनुसार खरिद सम्झौता गर्दाको बखत पुर्व अनुमान गर्न नसकिएको परिस्थिति सो संम्झौता कार्यान्वयनको क्रममा सिर्जना भइ ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएशन आदेश जारी गर्नु पर्ने व्यवस्था छ । हरिनास खानेपानी योजना W-NCB-WSP.02-2078.079 को निर्माण व्यवसायी शुभ कन्ष्ट्रक्सन प्रा लि नयाँ बजार काठमाडौ सँग २०७९।०३।०७ बाट २०८०।३।०७ सम्म कार्यसम्पन्न गर्ने गरी रु.२,८८,८८,४२५ मा सम्झौता भएकोमा उक्त कार्य कार्यतालिका अनुसार हुन नसकि पटक पटक गरी २०८१।

७।३० सम्म म्याद थप भएको छ । २०८१।१।१४ को निर्माण व्यवसायीले लोकेशन चेन्ज, पहिरो . पाइपको लम्बाइ र लाभावन्भित घरधुरी थपिएकोले भेरिएशनको लागि निवेदन दिएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ को उपदफा २(१) को खण्ड (ङ) बमोजिम भेरिएशन आदेश जारी गर्दा दफा २ ख को उपखण्ड (१) बमोजिम विशेषज्ञ समुह गठन गरी सो समुहको प्राप्त सिफारिसका आधारमा मात्र पालिकाले भेरिएसन आदेश जारी गर्न सक्नेमा विशेष समुह गठन नगरी भेरिएशन जारी गरेकोले नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३०,५६,९५१ |

५४.२ • सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३० मा खरिद संम्झौताको अवधि थप गर्न सक्ने व्यवस्था छ । निमार्ण व्यवसायी सँग २०७९।३।०७ देखि २०८०।३।०७ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण कार्यको संम्झौता भएकोमा पटक पटक गरी २०८१।७।१५ सम्म म्याद थप भइ २०८१।२।३१ मा भेरिएशन आदेश ३०५६९५१(१०.३८%) भएको छ । पेश भएको कार्यतालिका अनुसार कार्य सम्पन्न नगरेको र २०८०।८।७ मा पहिरो र वर्षा आदि कारण देखाइ म्याद थप माग गर्नु र म्याद थप गरेकोमा कार्सयम्पन्न गर्ने कार्य तालिका समेत पेश भएको छैन ।

• निर्माण व्यवसायीलाई पानी तान्ने पम्पको रु.२१,२८,४०० भुक्तानी भएको गुणस्तर परीक्षण नभएकले गुणस्तर परीक्षण हुनु पर्दछ ।

## ५५ पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च

1. पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. ६५०००० भुक्तानी दिएको पाईयो ।

| क्र सं | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | कालिका आमा समुह | प्लास्टिक कुर्चि खरिद | १००००० |
| २ | लालिगुराँस आमा समुह | भाडा कुडा खरिद | १५०००० |
| ३ | गाउँपालिका स्तरिय पुरुष भलिबल प्रतियोगिता | भलिबल | १००००० |
| ४ | लालिगुरासँ युवा क्लब | स्पिकर सामाग्री | २००००० |
| ५ | डाँफे मुनाल आमा समुह | प्लास्टिक कुर्चि खरिद | १००००० |
| | **जम्मा** | | ६५०००० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

## ५६ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम

कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५७ **सुरक्षित नागरिक आवास कार्यक्रम**

सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को दफा ५ उफदफा ८ बमोजिम पहिलो किस्ताबापत साठी प्रतिशत रकम प्राप्त गरेका उक्त रकमबाट जस्तापाता र काठ लगायतको सामग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी स्थानीय तहको प्राविधिकबाट अनुसुचि ३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसका आधारमा मात्र दोस्रो किस्ता उपलव्ध गराउने र दफा ६ बमोजिम तोकिएको कार्य प्रगति नभएमा उक्त रकम सम्बन्धित लाभग्राहीबाट असुल उपर गर्ने व्यवस्था रहेको छ । यस आर्थिक वर्षमा खरको छानो विस्थापन कार्यक्रम अन्तर्गत छनौट भएका विभिन्न वडाका घरधुरी सँग सम्झौता भई प्रथम किस्ता रकम आषाढमा निकासा भएकोमा देहायका लाभग्राहीहरुले पहिलो किस्ता रकम लिएको तर दोस्रो किस्ता रकम भुक्तानी भएको छैन दोस्रो किस्ता रकम भुक्तानी भए पश्चचात प्राविधिक मुल्याङ्कन गराइ प्रमाण पेश गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,५०,००० |

५८ **अधुरा आयोजना**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३६ अनुसार योजनाको भौतिक र वित्तिय पक्षको सामुहिक समिक्षा गर्नुपर्ने र यसरी गरिने समिक्षाममा प्रगति कम हुनका प्रमुख कारणहरु र सो को नियमित जिम्मेवारी व्यक्तिको पहिचान गर्नु पर्ने त्यस्तो समिक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवारी व्यक्ति उपर गर्नु पर्ने कारबाही समेत उल्लेख गर्नु पर्ने व्यवस्था छ । स्थानीय तहले यो वर्ष देहाय अनुसारका रु. ४६००००० का योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दाहित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सो को उपयोग हुन सकेको छैन । भन्ने त्यस्ता योजनाहरु अलपत्र अवस्थामा समेत रहेका छन । यस सम्बन्धि पालिकाले जिम्मेवारी पुर्वक सम्पादन गर्नुपर्दछ ।

| **क्र सं** | **योजनाको नाम** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| ३ | चुलिडाँडा ढूंङ्गगारठाटी सडक वडा नं ४ | २५००००० | अविलम्म निर्माण सम्मपन्न हुनु पर्छ |
| ४ | दग्दी बैदीछाप सडक | १०००००० | अविलम्म निर्माण सम्मपन्न हुनु पर्छ |
| ५ | मालागिरी एक्मा मोटरबाटो ७ | ५००००० | अविलम्म निर्माण सम्मपन्न हुनु पर्छ |
| ६ | अलकादेवी मन्दिर पुन निर्माण | ३००००० | अविलम्म निर्माण सम्मपन्न हुनु पर्छ |
| ७ | राहले किरियापुत्री भवन | ३००००० | अविलम्म निर्माण सम्मपन्न हुनु पर्छ |
| **जम्मा** | | **४६०००००** | |

५९ **वितरण भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार स्वीकृत बजेट खर्च लेख्दा श्रेस्तासाथ विल भरपाई संलग्न गर्नुपर्दछ । पालिकाले विभिन्न सामानहरु खरिद गरेकोमा कतिपय सामानको जिन्सी दाखिला र कतिपयको वितरणको भर्पाई संलग्न नभएका केही उदाहरणहरु निम्नानुसार रहेका छन। सामान खरिद गरी दाखिला तथा सम्बन्धित लाभग्राहीलाई वितरण गरेको भरपाई पेश तसर्थ दाखिला तथा वितरणको भरपाई पेश हुनुपर्ने रु

| भौ नं मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ३७१।२०८१।०२।२७ | विभिन्न आईटमको पशु औषधि खरिद | ४८२३९५ | दाखिला प्रतिवेदन संलग्न नभएको |
| ४५५।२०८१।०३।१७ | जनकल्याण मावि को लागि फर्निचर खरिद | ३५३६२५ | दाखिला प्रतिवेदन संलग्न नभएको |
| ४९९।२०८१।०३।२४ | दलित लक्षित कार्यक्रमबाट विभिन्न स्टेशनरी खरिद | ४९९५६८ | दाखिला प्रतिवेदन र वितरण भर्पाई संलग्न नभएको |
| ३९७२०८१।०३।०६ | ह्वविलचियर बैशाखी कमोड चियर सेतो छडी | २९७००० | वितरण नभएको । |
| ३१५।२०८०।१२।१७ | डायरी पाईलट पेन छपाई | ९८१९७ | दाखिला प्रतिवेदन र वितरण भर्पाई संलग्न नभएको |
| जम्मा रु | | १७३०७८५ | |

| प्रमाण पेश नगरेको | १७,३०,७८५ |
|---|---|

६० **मृत्यु पश्चात भत्ता भुक्तानी**

सामाजिक सुरक्षा नियमावलि २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तिको मृत्यु भएका उक्त लाभग्राहीलाई भत्ता पाउने सुचिबाट हटाई मृत्यु भएको तिन दिन देखि दिन रोक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले चौमासिक भत्ता वितरण गर्दा देहायको व्यक्तिको मृत्यु पश्चात पनि भत्ता निकासा गरेकोले उक्त सामाजिक सुरक्षा भत्ता असुल गरि संघिय संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| वडा नं | लाभग्राहीको नाम | मृत्यु मिती | जानुपर्ने रकम | गएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ७ | उमन सिंह थापा | २०८०।९।२२ | २९३३ | ४००० | १०६७ |
| ५ | जमान सिंह आले | २०८०।१२।२८ | ३७३३ | १६००० | १२२६७ |
| ३ | दिल बहादुर गुरुङ | २०८१।३।२ | २६६ | ४००० | ३७३४ |
| ३ | साबित्र देवि दर्जि | २०८०।६।१२ | ६३८३ | ३१९२० | २५५३७ |
| १ | हर्क बहादुर मानन्धर | २०८१।३।१९ | २५३३ | ४००० | १४६६ |
| जम्मा | | | | | ४४०७१ |

| असुल गर्नुपर्ने | ४४,०७१ |
|---|---|

६१ **सवारी भाडा**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।त्यसैगरी सार्वजनिक खर्चमा मितव्यिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक स्रोत परिचाललनमा थप दबाब सिर्जना हुने गरी आर्थिक दायित्व सिर्जना भएको खर्चमा मितव्यिता कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था उल्लेख छ।पालिकाले विभिन्न कामको सिलसिलामा विभिन्न पदाधिकारी तथा कर्मचारीहरुले विभिन्न मितिमा प्रयोग गरेका सवारीसाधन भाडामा लिँदा कोटेशन माग गरी, जिल्ला दररेटको समेत आधार लिई प्राप्त दररेट मध्ये सबैभन्दा कम मूल्यको गाडीको लागि सम्झौता गरी सोही बमोजिमको रकम भुक्तानी गर्नुपर्नेमा सम्झौता र अवधि बेगर नै गाडी भाडा वापतको रकम पदम बहादुर रानालाई गो भौ न ३६ र मिति २०८०।०६।३० बाट रु १०७२०० भुक्तानी गरेकोले के कति अवधि, कुन प्रयोजन र कति समयको लागि लिएको हो सो खुल्ने गरी प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| प्रमाण पेश नगरेको | १,०७,२०० |
|---|---|

६२ **वैठक भत्ता** (४८८-२०८१-३-२४):

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ मा जिम्मेबार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकामा विभिन्न १६ वटा कार्यपालिका बैठक बसेकोमा भौचर नं

४८८।२०८१।०३।२४ बाट २,९९,००० वैठक भत्ता वापतको खर्च लेखेकोमा देहाय बमोजिमका केही पधादिकारीहरुलाईअनुपस्थित भएको अवधिको बैठकको भत्ता प्रदान गरेको देखिएकोले यसरी हाजिरी वेगरको वैठक भत्ता सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु

**(विस्तृत विवरण बेरूजु दफा ६२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,३०० |

## ६३ वितरणमुखी खर्च तथा कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ।पालिकाले संघीय सरकारबाट सिमित श्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित श्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वियन गर्नुपर्नेमा वितरणमुखी योजनाहरु संचालन गरेको देखियो।यस्ता वितरणमुखी योजनाहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याउने देखिदैन।कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गरी वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ।यस प्रकारको योजनाहरुमा खरिद गरी वितरण गरेका विभिन्न जिन्सी सामानहरु सम्बन्धित संस्थाको जिन्सीमा आम्दानी बाँधेको समेत देखिंदैन। यसरी संस्थाको जिन्सीमा आम्दानी नभएका सामानहरु संरक्षित हुन पनि सक्दैनन् ।नमुना परीक्षण गरी हेर्दा देखिएका केही उदाहरणका कार्यक्रमहरु देहाय बमोजिम रहेका छन।

**(विस्तृत विवरण बेरूजु दफा ६३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ६४ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ६७ संघसंस्था र व्यक्तिहरुलाई रु. १५,००,१७४ आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. २७,६८,०६३ को ५४.२ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

## ६५ अध्यक्षकप कार्यक्रम

सार्वजनिक खर्चमा मितव्यिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक स्रोत परिचाललनमा थप दबाब सिर्जना हुने गरी आर्थिक दायित्व सिर्जना भएको खर्चमा मितव्यिता कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था उल्लेख छ। पालिकामा २०८० फागुन १७ देखि १९ सम्म सन्चालन भएको छैटौ अध्यक्षकप कार्यक्रमको लागि विनियोजन भएको १५००००० वजेटबाट विभिन्न भलिवल प्रतियोगिता कार्यक्रम सन्चालनको लागि सरोज मरासिनीलाई भौचर न १०७ मिति २०८० ।१२।१४ मा पेश्की दिएकोमा भौचर न. ३४६।१२।२८ मा पेश्की फर्छयौट गर्दा आवश्यकता भन्दा बढी र असम्बन्धित खेलकुदका सामान खरिद गरेको देखियो । भलिवल खेलसँग असम्बन्धित ब्याडमिन्टन १० वटा ६००० को दरले खरिद गरी रु ६०००० खर्च लेखेको नियमसंगत नदेखिएको रु

**(विस्तृत विवरण बेरूजु दफा ६५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | ६०,००० |

## ६६ हेभी इक्विपमेण्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित

प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

**(विस्तृत विवरण बेरूजु दफा ६६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६७ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने व्यवस्था छ । नियमको ९७(७) अनुसार उपभोक्ता समितिको कार्यमा लोडर एकसाभेटर डोजर प्रयोग गर्न सकिने छैन । गाँउ पालिकाले उदाहरणका लागि निम्न उपभोक्ता समिति संगको संझौता अनुसार उपभोक्ता समितले कामको पुरै कार्य हैभि इक्युपमेन्ट कन्ष्ट्रक्सन प्रालिबाट गराइ निम्नानुसार भुक्तानी दिएको देखिन्छ ।

| उपभोक्ता समिति | बिल रकम | न्यूइराकन्सट्रङ्क्सन पालिको विल |
|---|---|---|
| २५-२०८१।११।१३ पल्ला डाडा पल्ला बडहरे १-3 | १३९६६३३६।- | ५८८५०४।- |
| ४३ कलवा क्यामी मोटर बाटो ५.६ | १८४२८३२।- | ११२४९१५।- |
| २०८०।१२।१२० कुटुसा कोइराला मोटरबाटो | १८३०५०६ | १६६४०९७।- |
| १६८-२०८१।३।०९ दोभाने तिनघरे मोटरबाटो | १९१३२२८ | २२०७१७२।- |
| २१६-२०८१।३।२० चुलिडाँडा पार्क पुर्वाधार निर्माण खन्ने र सम्याउने | १६००३४८ | १८५५१६५।- |
| | **२३२३८७६** | **८०६४९७२** |

६८ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

६९ **जटिल प्रकृतिको कार्य उपभोक्ता समिति मार्फत गराएको**

सार्वजनिक खरिद ऐन २०६३, को दफा ४४ मा काममा मितव्यी गुणस्तरीय रोजगारी सिर्जना गर्ने तथ दिगोपना हुने भएमा तेस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सक्ने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समिति मार्फत गराउन नहुने उल्लेख छ । गाँउपालिकाले निम्न प्रकृतिको काम सार्वजनिक खरिद नियमावली अनुसार गर्नु पर्दछ। नियमावलीमा भएको व्यवस्थालाइ कार्यान्वियन नगरि यस प्रकारको गरिएको काम नियमित मान्न नसकिएको रु

| **भौ नं र मिति** | **योजनाको नाम** | **काम** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| २५४।२०८१।३।२४ | Badmintan हल निर्माण | नयाँ हल निर्माण | १५००००० | |
| १६०।२०८१।३।४ | सारुथर समाज भवन | भवन निर्माण | ६००००० | |
| २५०।२०८१।३।२४ | नेपाल आमा समुह भवन | पुरानो भवन वाल लगाउने कार्य | १०००००० | |
| **जम्मा** | | | **३१०००००** | |

| अनियमित भएको | ३१,००,००० |
|---|---|

७० **वडा सरसफाई तर्फ लागेका मसना खर्चहरु**

सार्वजनिक खरिद नियामावली २०६४ को नियम ८४ मा सार्वजनिक निकायले एकलाख रुपैया भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा तीनवटा आपुर्तककर्ता निर्माण व्यवसायी परामर्शदाता वा सेवा प्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था उल्लेख गरिएको छ । गाँउसभाको निर्णयबाट पालिका अन्तर्गत रहेका १ देखि ७ वटा वडा सम्मको बजेट विनियोजन भएकोमा पालिकाले उपभोक्ता समितिबाट कार्य गराएको देखिन्छ । यस्ता कार्य गराउदा प्राविधिक दृष्टिबाट नाला खन्ने पहिरो सफाइ गर्ने कार्य तोकिएको वडाको विभिन्न स्थानमा समस्या देखिने तर सबै स्थानका लाभान्वित उपभोक्ताहरुको प्रतिनिधित्व सहितको समिति गठन नहुने देखिएकोले यस्तो सरसफाइ कार्यको गुणस्तर र स्वामित्व सुनिश्चित गर्न सकिएन । अतः यस्ता कार्यहरु गाउदा हेभि मेशिनक समेत प्रयोग गरेको देखिएकोले व्यवसायिक फर्म संस्थाबाट प्रतिस्पर्धा ( प्रति घण्टा/प्रति घनमिटर) गराइ कार्य गर्दा मितव्ययी तथा गुणस्तरीय तथा अभवृद्वि हुने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ । साथै पालिकाले यस वर्ष वडाहरुमा सरसफलाइ कार्यका लागि रु खर्च गरेकोमा प्रत्येक वर्ष सडक सरसफाइ कार्यको लागि व्याक हो लोडर प्रयोग गर्नु पर्ने अवस्था देखिएकाले पालिकाले आफै खरिद गरी कार्य गर्दा मितव्यी हुनै पर्ने देखिन्छ ।

७१ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

७२ **जिन्सी**

यस प्रयोजआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

नमा लागु नहुने

७३ **डिजिटल प्रोफाइल**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७४ ले स्थानीय स्तरको पलिका प्रोपाइल बनाइ सार्वजनिक गर्नु पर्ने व्यवस्था गरेको छ । भौ.नं २७ मिति २०७९।९।११ फोर जी इन्जिनियरिङ्ग सोलुशन प्रा.लि. ले मिति २०७९।४।३१ गते गते सम्झौता अनुसार डिजिटल प्रोफालइल निर्माण तथा जडान सम्पन्न गर्ने गरी रु.१४,९४,९१० सम्झौता गरेकोमा सम्झौताका सर्तनामाहरु पालना गरिएको पाइएन लेखापरीक्षण अवधि मिति २०८१।५।२० मा डिजिटल प्रोफालइ Online गरेको पाइएन म्याद भित्र कार्य सम्पन्न नगर्ने तथा सम्झौताको दफा ४ मा उल्लेखित अपटेटिङ्ग चार्ज समेत भुक्तानी लिने गरेको पाइयो यसरी प्रतिवेदन नै जारी नगरेको संस्थाबाट बार्षिक अपरेटिङ्ग चार्ज लिन पाइने व्यवस्था छैन। जडान नै नगरेको डिजिटल प्रोफाइल अविलम्ब सम्ताको सर्तनामा कार्यान्वयनमा ल्याउनु पर्दछ । जडान सुल्क असुल हुनु पर्ने रु

| असुल गर्नुपर्ने | २,२४,२४८ |
|---|---|

७४ **भवन आचार संहिता** (१७१-२०८१-३-११):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व हुने कागजात वा नियमावली २०७७ को नियम ३९(५) अनुसार भवन आचार संहिताका लागि नेपाल विकास अनुसन्धान तथा कन्सलटेन्ट प्रा लि नागार्जुन काठमाडौलाइ रु.३,९३,३००। भुक्तानी भएकोमा नक्सा पासबाट आन्तरिक राजश्वको अनुमानमा आम्दानी भएको नदेखिनुको साथै कार्यालयका प्राविधिकजन शक्तिबाट उक्त आचारसंहिता तयार हुनुपर्नेमा आधार बेगर खर्च लेखेको रु

| प्रमाण पेश नगरेको | ३,९३,३०० |
|---|---|

७५ **व्यामशाला पार्क** (१७३-२०८१-३-११):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा बिल भरपाइ र पुष्टाइ हुने कागजात हुनु पर्दछ पालिकाले खुल्ला व्यामशाला पार्क निर्माणका लागि विक्र इन्टरनेशनल प्रालि २०८१।३।१३ मा रु.९,९३,१४०। का विभिन्न सामान खरिद गरी भुक्तानी भएकोमा इन्टरनेट चौतारीमा खुल्ला व्यायमशाला स्थानीय क्लब तथा आमा समुहलाई सामान हस्तान्तरण गर्ने २०८१।३।११ मा निर्णय भएकोमा उक्त समान सम्बन्धितलाई हस्तान्तरण हुनु पर्ने रु.

| प्रमाण पेश नगरेको | ९,९३,१४० |
|---|---|

७६ **शिर्षक फरक** (५०१-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१ क अनुसार विनियोजन ऐन बमोजिम संख्या तथा कार्यालयमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृति भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सिमा भित्र रहेको सुनिश्चिता हुनु पर्ने व्यवस्था छ । सुचना प्रविधि अधिकृतको लागि तलब भत्ता बापतको खर्चमा करार अनमीको तलबमा रु ३२९०१ र आर्थिक सहायतामा रु ३४८०९८ खर्च लेखेकोले एक शिर्षकमा स्वीकृत भएको रकम शिर्षक फरक पारी खर्च लेखेकोले अनियमित देखिएको रु

| अनियमित भएको | ३,८०,९९९ |
|---|---|

७७ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले जेष्ठ नागरिक सामाजिक सुरक्षा परिचय पत्र व्यवस्थापन प्रणाली को रु ४९६०००, योजना व्यवस्थापन प्रणाली रु ४९५०००, अनुदान व्यवस्थापन प्रणाली ४९८०००, दर्ता चलानी सफ्टवेयर प्रणाली ४९८००० सुचना प्रणाली तथा सफ्टवेयर प्रणाली रु २२४००० सफ्टवेयर खरिद गरी रु. २२११००० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : हरिनास गाउँपालिका, स्याङ्जा , हरिनास गाउँपालिका , स्याङ्जा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Mukunda Raj Poudel | २०७९-६-६ | २०८०-६-१३ |
| कार्यालय प्रमुख | विजय भट्टराई | २०८०-६-१४ | २०८०-८-२६ |
| कार्यालय प्रमुख | शिव कुमार पौडेल | २०८०-९-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कृष्ण प्रसाद पौडेल | २०८१-२-२० | २०८१-३-३१ |
| लेखा प्रमुख | मनि राना मगर | २०८१-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४२६,४२० | ३२,०८३,२२३ | ९,५५४,४९४ | ० | ० | ८,३४१,४७७ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५०,४०५,६१४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,२९४,००० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४८,१११,६१४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५९१३३६४५.७९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७९१२८१५६ | चालु खर्च | २२६६९९४५४.४२ |
| प्रदेश सरकारबाट अनुदान | १२६६१२५० | पूँजीगत खर्च | ११५२८६४६२.३ |
| राजश्व बाँडफाँट | ६७५२६४७४.८६ | वित्तीय/अन्य व्यवस्था | २०१५८२८८५.२ |
| आन्तरिक आय | २७६८०७३.० | | |
| अन्य आय | १३२९४७४४३.९८ | | |
| कुल आय | ४९५०३१३९७.८४ | कुल खर्च | ५४३५६८८०१.९२ |
| बाँकी मौज्दात | | १०५९६२४१.७१ | |

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट निकाय)

| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गतआ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ६,८३,२०,६१७.९७ | ० | ६,८५,१६,७३७.९७ | ७,४०,८७,४४९.८७ | ० | ७,४०,८७,४४९.८७ |
| १३००० | अनुदान | | २६,५३,२१,३९९.७८ | ० | २६,५३,२१,३९९.७८ | २९,५२,७६,९१४.३५ | ० | २९,५२,७६,९१४.३५ |
| १४००० | अन्यराजस्व | | १७,८४,७४४.८९ | ० | १७,८४,७४४.८९ | ३३,४५,३९१.८० | ० | ३३,४५,३९१.८० |
| १५००० | विविधप्राप्ति | | ७५,२९५.०० | ० | ७५,२९५.०० | ० | ० | ० |
| क | **कुलजम्मा प्राप्ति** | | ३३,५५,०२,०५७.६४ | | ३३,५६,९८,१७७.६४ | ३७,२७,०९,७५६.०२ | | ३७,२७,०९,७५६.०२ |
| ३ | चालु | | २२,६६,९९,४५४.४२ | ० | २२,६६,९९,४५४.४२ | २३,३६,४६,५७७.०१ | ० | २३,३६,४६,५७७.०१ |
| २१००० | पारिश्रमिक / सुविधा | | १५,३६,३९,३२९.८७ | ० | १५,३६,३९,३२९.८७ | १६,५२,१५,७५१.१० | ० | १६,५२,१५,७५१.१० |
| २२००० | मालसामानतथा सेवाको उपयोग | | ४,११,०९,९१८.५५ | ० | ४,११,०९,९१८.५५ | ४,०२,०१,०१४.२१ | ० | ४,०२,०१,०१४.२१ |
| २५००० | सहायता (Subsidy) | | ९,७०,४४४.०० | ० | ९,७०,४४४.०० | ७०,६१,९९१.०० | ० | ७०,६१,९९१.०० |
| २६००० | अनुदान | | २,७८,५६,४०१.०० | ० | २,७८,५६,४०१.०० | १,११,४४,७९२.७० | ० | १,११,४४,७९२.७० |
| २७००० | सामाजिकसुरक्षा | | २४,५८,५६१.०० | ० | २४,५८,५६१.०० | ४२,७३,०२८.०० | ० | ४२,७३,०२८.०० |
| २८००० | अन्यखर्च | | ६,६४,८००.०० | ० | ६,६४,८००.०० | ५७,५०,०००.०० | ० | ५७,५०,०००.०० |
| ४ | पूंजीगत | | ११,५०,९०,४१२.३० | ० | ११,५०,९०,४१२.३० | १३,९५,७६,०५९.०० | ० | १३,९५,७६,०५९.०० |
| ३१११० | भवनतथा संरचना | | १३,५०,०००.०० | ० | १३,५०,०००.०० | १,४६,२५,२१८.०० | ० | १,४६,२५,२१८.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १,८४,६४,६३९.०० | ० | १,८४,६४,६३९.०० | ७१,५३,२३९.०० | ० | ७१,५३,२३९.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११३० | अन्यपूँजीगत खर्च | | ३८,७०,४९४.०० | ० | ३८,७०,४९४.०० | ५०,६६,६१०.०० | ० | ५०,६६,६१०.०० |
| ३११५० | सार्वजनिकनिर्माण | | ९,०६,१६,७७७.३० | ० | ९,०६,१६,७७७.३० | ११,०७,२९,०१६.०० | ० | ११,०७,२९,०१६.०० |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | | ४,३८,५०२.०० | ० | ४,३८,५०२.०० | १३,६१,३२३.०० | ० | १३,६१,३२३.०० |
| ३११७० | पूँजीगतसुधार खर्च | | ० | ० | ० | २,९०,६५३.०० | ० | २,९०,६५३.०० |
| ३१२२० | मौज्दातसामानहरु | | २,००,०००.०० | ० | २,००,०००.०० | २,००,०००.०० | ० | २,००,०००.०० |
| ३१३१० | बहुमूल्यसामानहरु | | १,५०,०००.०० | ० | १,५०,०००.०० | १,५०,०००.०० | ० | १,५०,०००.०० |
| ख) | **कुलजम्मा भुक्तानी** | | ३४,१७,८९,८६६.७२ | | ३४,१७,८९,८६६.७२ | ३७,३२,२२,६३६.०१ | | ३७,३२,२२,६३६.०१ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | (६२,८७,८०९.०८) | | (६०,९१,६८९.०८) | (५,१२,८७९.९९) | | (५,१२,८७९.९९) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | २८,३२,५६५.०० | | २८,३२,५६५.०० | १३,९४,६६४.०० | | १३,९४,६६४.०० |
| घ.१) | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | | | |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | (३४,५५,२४४.०८) | | (३२,५९,१२४.०८) | ८,८१,७८४.०१ | | ८,८१,७८४.०१ |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | | ५,९१,३३,६४५.७९ | | ५,९१,३३,६४५.७९ | ५,८२,५१,८६१.७८ | | ५,८२,५१,८६१.७८ |
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | ५,५६,७८,४०१.७१ | | ५,५६,७८,४०१.७१ | ५,९१,३३,६४५.७९ | | ५,९१,३३,६४५.७९ |

## बेरूजु दफा ३६ सँग सम्बन्धित विवरण - अनुसूची -४

| प्रकार | खर्च उपशिर्षक | गो भौ।मिती | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति वा संस्था | पेश्की रकम |
|---|---|---|---|---|---|
| निर्माण व्यवसायि | ३११५९ | १२।२०८०४।१ | समपुरक कोष | श्री चम्पेश्वर । सिम्रन ।युरेका जे.भी. | ८,०८,००० |
| | ३११५१ | १२४।२०८०४।१ | दग्दी-कुलुङ्गोला-दोभान-बडहरभञ्ज्याङ्ग-किहुँग्रामिण सडक | बि.एण्डबि. कन्स्ट्रकसन प्रा.लि. | २९,६०,४७७ |
| | ३११५१ | ४।२०८०।११।१३ | दग्दी-कुलुङ्गोला-दोभान-बडहरभञ्ज्याङ्ग-किहुँग्रामिण सडक(क्रमागत) | बि.एण्डबि. कन्स्ट्रकसन प्रा.लि. | ९,२६,००० |
| उपभोक्ता समिति | ३११५६ | १२।२०८०।४।१ | खानेपानी तथा सरसफाईकार्यक्रम | कुसुन्डेलिफ्टिङ खा पा तथा सरसफाइ उ भो स | १,१६,००० |
| | ३११५९ | १२।२०८०।८।२२ | जनता संग अध्यक्ष कार्यक्रम | LEKH MOTAR BATO | १,६५,००० |
| | ३११५१ | १२।२०८०।८।२६ | दग्दी बजार ढलान -६ | DAGDIBAZAR DHALAN UPABHOKTA SAMITI | ५,६१,००० |
| | ३११५१ | १२।२०८०।११।२९ | दुङ्गेठाटी चुलिडाँडा ढलान -४ | दुङ्गेठाटीचुलिडाँडा ढलान उपभोक्ता समिति | ८,२५,००० |
| | ३११५१ | १२।२०८०।१२।१९ | जामुने गान्टे मोटर वाटो २-५ | JAMUNE GANTE MOTAR BATO | ८,२५,००० |
| | ३११५१ | १२।२०८०।१२।२२ | दग्दी बैदिछाप दोभान ६-७ | DAGDI BAIDICHHAP DOVAN MOTAR BATO | ३,३०,००० |
| | ३११५१ | १२।२०८०।१२।२३ | धरमपानी वगर मोटर बाटो -४ | DHARAMPANI BAGAR MOTAR BATO UPABHOKTA SAMITI | ३,३०,००० |
| | ३११५९ | १२।२०८१।२।२७ | नागरिक सचेतना केन्द्र भवन -४ | NAGARIK SACHETANA KENDRA BHAWAN | ४,९५,००० |
| जम्मा | | | | | ८०६१५७३ |

## बेरूजु दफा ४४ सँग सम्बन्धित विवरण - अनुसूची -५

| गो भौ।मिती | खर्च गरेको शिर्षक | खर्च हुनुपर्ने शिर्षक | रकम |
|---|---|---|---|
| ४१।२०८०।८।२४ | सामाग्री खरिद | वित्तिय साक्षरता कार्यक्रम | २९९७८ |
| ४१।२०८०।८।२४ | सामि कार्यक्रमको संचालन खर्च | मनोसामाजिक परामर्श संचालन खर्च | ११४०० |
| १०३।२०८१।२।३० | आधारभुत तहका स्वीकृत दरवन्दीका शिक्षक तथा राहत अनुदान को तलब भत्ता | महिला स्वास्थ्य स्वयमसेविकाको यातायात खर्च | २८००० |
| १४२।२०८१।३।१४ | स्थानिय तहमा सामी कार्यक्रम संचालन गर्न तथा कार्यक्रम व्यवस्थापन खर्च | अनुगमन तथा मुल्याङ्कन | ३८८५२ |
| १७१।२०८१।३।२४ | पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक डाटा भेरिभिकेशन एवं गुणस्तर साथै अर्धवार्षिक एवमं बार्षिक समिक्षा | स्वास्थ्य संस्थाको अनुगमन तथा दैनिक भ्रमण भत्ता | ६१७०० |
| १०५।२०८१।२।३० | पोषक कार्यक्रमको क्रियाकलापमा अनुगमन र मूल्याङ्कन | पोषक तथा खाध्य सुरक्षा निर्देशक समितिको बैठक खर्च | ९२२०० |
| जम्मा | | | २६२१३० |

## बेरूजु दफा ४५ सँग सम्बन्धित विवरण - अनुसूची - ६

| क्र स | विधालयको नाम | इन्टरनेट जडान अनुदान रकम |
|---|---|---|
| १ | श्री महिमा मा वि | १२००० |
| २ | श्री भोज प्रकाश मा वि | १२००० |
| ३ | श्री आधारभत मा वि | १२००० |
| ४ | श्री अमला भन्ज्याङ्ग मा वि | १२००० |
| ५ | श्री कालिका देउरालि मा वि | १२००० |
| ६ | श्री पोखरी भन्ज्याङ्ग आ वि | १२००० |
| ७ | श्री राधाकृष्ण आ वि | १२००० |
| ८ | श्री देउरालि आ वि | १२००० |
| ९ | श्री गैराखोला आ वि | १२००० |
| १० | श्री बाल सुधार आ वि | १२००० |
| ११ | श्री वालज्योति आ वि | १२००० |
| १२ | श्री वालसुर्योदय आ वि | १२००० |
| १३ | श्री वलिकोट धारापानि आ वि | १२००० |
| १४ | श्री शुक्रराज आ वि | १२००० |
| १५ | श्री भैरव कालिका आ वि | १२००० |
| १६ | श्री सिद्ध आ वि | १२००० |
| १७ | श्री थानपति आ वि | १२००० |
| १८ | श्री मातृभुमि मा वि | १२००० |
| १९ | श्री पिताम्बर मा वि | १२००० |
| २० | श्री जनकल्याण मा वि | १२००० |
| २१ | श्री जनजागृति मा वि | १२००० |
| २२ | श्री चण्डीकालिका आ वि | १२००० |
| २३ | श्री सरस्वति आ वि | १२००० |
| २४ | श्री मन आ वि | १२००० |
| २५ | श्री कालिका आ वि | १२००० |
| | | |

| | | |
|---|---|---|
| २६ | श्री नवदुर्गा आ वि | १२००० |
| | जम्मा | ३१२००० |

## बेरूजु दफा ५१ सँग सम्बन्धित विवरण - अनुसूची -७

| ठेक्का नं | विवरण | निर्माण व्यवसायीकोनाम | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| HRNS-W-NCB-RR01-77-78 | दग्दी कुलुन खोला दोभान बडर भन्ज्यङ्ग किहू पार्ट १ | श्री चम्पेश्वर/सिम्रन/युरेक जे.भी, काठमाडौ। | ४१५४८९२४ | ३२३२११२४ | २२ |
| HRNS-W-NCB-RR-0022079-080 | दग्दी कुलुन खोला दोभान बडर भन्ज्यङ्ग किहू पार्ट ३ | बण्ड वि कन्स्ट्रक्सनज/ मल्ल / जे.भी | ३८८७७१०९ | ३३६०३३९४ | १४ |
| HRNS-W-NCB-WSP-02-078-79 | हरिनास पानी वितरण आयोजना | सुभा कन्स्रट्रक्सन | ३७१९३२९४ | २९४८८४२५ | २१ |
| HRNS-W-NCB-001079-080 | वडा भवन कार्यालय | श्री ध्रुव लक्ष्मी कन्स्ट्रक्सन | ४९९८१९३ | ४०४३१३७ | १९ |
| HRNS-W-NCBRR-01-078-79 | दग्दी कुलुन खोला दोभान बडर भन्ज्यङ्ग किहू पार्ट १ | पराजुली कन्स्ट्रक्सन | ४०८६३३४८ | २९१७४९३६ | २९ |
| HRNS-W-NCB-B-02-077-78 | १५ शैया हस्पिटल भवन म्यागम चिसापानी | शुभा कन्स्ट्रक्सन पा.लि | १९८८८६५९० | १२९२८६३६८ | ३५ |

## बेरूजु दफा ६२ सँग सम्बन्धित विवरण - अनुसूची -८

| सि न. | पदाधिकारीहरुको नाम थर | बैठक संख्या | दर | जम्मा रकम | कर बाहेकको रकम |
|---|---|---|---|---|---|
| १ | खिमनारायण मानन्धर | १ | १००० | १००० | ८५० |
| २ | ईन्द्रकुमारी थापा राना | १ | १००० | १००० | ८५० |
| ३ | ईन्द्र बहादुर गुरुङ्ग | २ | १००० | २००० | १७०० |
| ४ | सन्त बहादुर थापा | १ | १००० | १००० | ८५० |
| ५ | दिल बहादुर राना | १ | १००० | १००० | ८५० |
| ६ | बुद्धीमाया विक | १ | १००० | १००० | ८५० |
| ७ | ईन्द्रकुमारी थापा | १ | १००० | १००० | ८५० |
| ८ | उजेली नेपाली | ६ | १००० | ६००० | ५१०० |
| ९ | धनमाया राना | १ | १००० | १००० | ८५० |
| १० | अमृत भुजेल | १ | १००० | १००० | ८५० |
| ११ | डोलबहादुर नेपाली | १ | १००० | १००० | ८५० |
| १२ | परशुराम सिग्देल | १ | १००० | १००० | ८५० |

## बेरूजु दफा ६३ सँग सम्बन्धित विवरण - अनुसूची -९

| गो. भौ. न. मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| २९९।२०८०।१२।१५ | अन्तर मा वि तीज गीत प्रतियोगिताको लागि मातृभुमि मा वि लाई भुक्तानी | ४९३६० |
| ३७७।२०८१।०२।२९ | सन्देशमूलक सूचना प्रकाशन वापत पोखरा टेलिभिजन तथा मिडिया प्रा लि लाई भुक्तानी | २५००० |
| ३९६।२०८१।०३।०६ | विभिन्न कुर्सी सोफा टेबल लगायत खरिद वापत जन एकता मगर समाज लाई भुक्तानी | २००००० |
| २०३।२०८०।०९।२५ | मुनाल गोदार दिपावली तथा छठ पर्वको शुभकामना | ३१६०० |
| २९१।२०८०।१२।१४ | टाईगर ग्रुप्र अफ पोखरालाई भलिवल प्रतियोगिता सन्चालनको लागी | १००००० |
| २९२।२०८०।१२।१४ | मदन भन्डारी स्पोट्स एकेडेमी लाई के पि ओली टि २० राष्ट्रिय क्रिकेट प्रतियोगिता सन्चालनका लागि | ४०००० |
| २९३।२०८०।१२।१४ | लायन्स क्वलव अफ भिमाद ग्रिन भ्याली लाई दोस्रो आँधिखोला महोत्सव सन्चालनका लागी | २५००० |
| ३४८।२०८०।१२।२२ | क्यामी बहुमुखी क्याम्पसलाई क्यामी महोत्सवको लागी | ३००००० |
| **जम्मा रु** | | **७६२९६०** |

## बेरूजु दफा ६५ सँग सम्बन्धित विवरण - अनुसूची -१०

## बेरूजु दफा ६६ सँग सम्बन्धित विवरण - अनुसूची -११

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| ८२।२०८०।१२।२० | कुटुम्सा कोईराला मोटर बाटो | बाटो खन्ने | एक्जाभेटर मेसिन र ट्याक्टर | १५००००० |
| १११।२०८१।२।२७ | वडा सफाई १ | बाटो सरसफाई | एक्जाभेटर मेसिन | ४००००० |
| २३८।२०८१।३।२४ | वडा सफाई ३ | बाटो सरसफाई | | ६५०००० |
| १८४।२०८१।३।१३ | सनिस्वारा मोटर बाटो | बाटो फराकिलो | | २००००० |
| १६२।२०८१।३।६ | वडा सफाई ४ | बाटो तथा पहिरो सरसफाई | | ५००००० |
| १३०।२०८१।२।२९ | बडहरे मोटर बाटो योजना | नया बाटो | | ३०५००० |
| १३१।२०८१।२।२९ | सामाधि रिप मोटर बाटो | नया बाटो | | २००००० |
| १३६।२०८१।२।३० | छाक्रा साल डाडाँ | ३-१ बाटो फराकिलो नाला र बाटो सरसफाई | | ५००००० |
| १०।२०८०।६।३० | बोल्ने पहाड बडहरे छाक्रा | बाटो फराकिलो नाला र बाटो सरसफाई ग्रेड डाउन | | ५००००० |
| ८०।२०८०।१२।१९ | राहाले बलाम्दि मोटर बाटो | बाटो फराकिलो नाला र बाटो सरसफाई ग्रेड डाउन ग्राबेल | | ५००००० |
| १४७।२०८१।२।३१ | बुम्दि बलाम्दि मोटर बाटो | बाटो फराकिलो नाला र बाटो सरसफाई ग्रेड डाउन ग्राबेल | | ५००००० |
| १४७।२०८१।२। | साखे सालडाँडा | बाटो फराकिलो | | १५००००० |

| | | | | |
|---|---|---|---|---|
| ३१ | खैरिकोट मोटरबाटो | नाला र बाटो सरसफाई ग्रेड डाउन ग्राबेल रिटेनिङ् वाल ग्याविन जालि बाटो ढलान | | |
| ३५।२०८१।२।३२ | सालडाडा पातला बडहरे १ देखि ३ | नयाँ बाटो | | १०००००० |
| १९३।२०८१।३।१६ | प्यार्सिङ् हटिया खेल मैदान | खेल मैदान | | ११४३५३ |
| २१७।२०८१।३।२० | वडा सफाई २ | बाटो तथा पहिरो सफाई | | ४००००० |
| १४२।२०८१।२।३० | सुनाखरी मोटर बाटो २ | नयाँ बाटो | | ३००००० |
| ९९।२०८०।१२।२३ | वडा सफाई ५ | बाटो तथा पहिरो सफाई | | ३००००० |
| ५६।२०८०।११।२३ | राम्चे रोधि धरमपानि मोटर बाटो | पहिरो सफाई तथा पुर्न काम | | १५०००० |
| १६८।२०८१।३।९ | दोभाने तिन घरे | मोटर बाटो निर्माण | | २०००००० |
| २४५।२०८१।३।२४ | बुम्दि कृषि मार्ग मोटर बाटो | नयाँ निर्माण | | ५००००० |
| ८४।२०८०।१२।२१ | सोहोरा सोमि बोट मोटर बाटो | नयाँ बाटो निर्माण | | ४००००० |
| ५२।२०८०।११।२७ | चापगैरा मोटर बाटो निर्माण | मोटर बाटो निर्माण | | ४००००० |
| ४९।२०८०।११।२३ | देउरालि खन्ति छापँ सेरा मोटर बाटो | नयाँ निर्माण | | १०००००० |
| ४३।२०८०।११।१६ | कलवा क्कयाक्मि मोटर बाटो | नयाँ निर्माण | | २०००००० |
| १०६।२०८१।२।२४ | | नयाँ निर्माण | | १५००००० |
| ९।२०८०।६।३० | दनदने गर्जा मोटर | नयाँ निर्माण | | ५००००० |

| | | | | |
|---|---|---|---|---|
| | बाटो | | | |
| ४६।२०८०।११।१८ | दग्दी किटिया मोटर बाटो ५ देखि ६ | नयाँ निर्माण | | ५००००० |
| ३६।२०८१।११।१३ | वडा सफाई ७ | बाटो सफाई | | ४००००० |
| २१६।२०८१।३।२० | चुलिडाँडा पार्क पुर्वाधार निर्माण | मैदान निर्माण | | २५००००० |
| १९३।२०८१।३।१६ | प्यार्सिंग हटिया खेल मैदान | मैदान निर्माण | | २०००००० |
| ४५।२०८०।११।१८ | वडा सफाई ६ | बाटो निर्माण तथा पहिरो सफाई | | ४००००० |
| | जम्मा | | | २३६१९५३५ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुन्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।